# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: 077/78
च.नं.: 9836

मितिः २०७७।०३।०२

विषयः निर्णय कार्यान्वयन गराउनुहुन ।

श्री सामुदायिक तथा धार्मिक विद्यालयहरु (सबै)

देवघाट गाउँपालिका, तनहूँ ।

प्रस्तुत विषयमा कोभिड १९ को जोखिम न्यूनीकरणका लागि मिति २०७६/१२/११ गतेदेखि नेपाल सरकारको निर्णयबाट शिक्षण संस्थाहरु बन्द गरिएकोमा हालै नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०२/२८ गतेको निर्णय अनुसार मिति २०७७/०३/०१ देखि सञ्चालन गर्न पाइने कार्यहरुमा शिक्षण संस्थाका कार्यालय समेत समावेश भएको र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका जारी गरी २०७७/०३/०१ गतेबाट उक्त निर्देशिका बमोजिम विद्यार्थीको सिकाइ सहजीकरण गर्न आह्वान गरेको हुँदा सबै विद्यालयले शिक्षक तथा कर्मचारीलाई मात्र उपस्थित गराई कोभिड १९ का सुरक्षात्मक उपायहरु अवलम्बन तथा सामाजिक दुरी कायम गर्दै निम्नानुसारका कार्य गर्नु गराउनुहुन जानकारी गराइन्छ :

१. पाठ्यपुस्तक वितरण गर्ने

२. वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका बमोजिम स्थानीय स्तरमा शिक्षक मार्फत सिकाइ सहजीकरण गर्ने

३. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको दुर शिक्षा कार्यकमका बारेमा अभिभावक तथा विद्यार्थीलाई जानकारी गरी समय समयमा शिक्षक मार्फत निगरानि गर्ने

४ विद्यालय तथा शिक्षकले नियमित रुपमा गर्नुपर्ने कामहरु जस्तैः IEMIS अद्यावधिक, शैक्षिक योजना निर्माण, विद्यालय सुधार योजना अद्यावधिक गर्ने लगायतका अन्य कार्यहरु गर्ने

पुनश्चः थप जानकारीका लागि webside www.moe.gov.np र www.doe.gov.np मा गई सूचनाहरु प्राप्त गर्नुहोला ।

होमनाथ गाैमिछाने
प्रमुख शिक्षा इकाई